नेपाल सरकार
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
सार्वजनिक खरिद अनुगमन कार्यालय
(सूचना प्रविधि शाखा)

फोन : ५९७१३०७, ५९७१३०१
वेवसाईट : https://ppmo.gov.np/
ईमेल : it@ppmo.gov.np

केसरमहल, काठमाडौं, नेपाल

प.सं : सू.प्र.-०८३/८४
च.नं. MIT/१८२

मितिः २०८३/०५/११

विषयः सूचना तथा जानकारी सम्बन्धमा।

श्री सार्वजनिक निकाय सबै ।

हाल सञ्चालनमा रहेको विद्युतीय खरिद प्रणाली (e-GP System) मा सुरक्षा जोखिम उच्च रहेको देखिन आएकाले प्रणालीको मर्मतसम्भार र सुधार कार्य भइरहेको हुँदा अर्को सूचना जारी नभएसम्म तपसिल बमोजिम हुने गरी प्रणाली स्थगन गरिएको ब्यहोरा सम्बन्धित सरोकारवाला सबैमा जानकारीका लागि यस कार्यालयको मिति २०८३/०५/११ को निर्णयानुसार यो सूचना प्रकाशन गरिएको व्यहोरा अनुरोध छ।

तपसिलः

१. मिति २०८३/०५/११ गते देखि अर्को सूचना जारी नभएसम्मका लागि हालको विद्युतीय खरिद प्रणालीको प्रयोग स्थगन गर्नुहुन।

२. यस विद्युतीय खरिद प्रणालीमा मिति २०८३/०५/११ गतेसम्म प्रकाशन भई प्रस्ताव पेश गर्ने म्याद समाप्त हुन बाँकी रहेका र नयाँ प्रकाशन हुने क्रममा रहेका बोलपत्र, आशयपत्र र सिलबन्दी दरभाउपत्रको सम्बन्धमा सार्वजनिक निकायहरुले हार्डकपी मार्फत बोलपत्र, आशयपत्र र सिलबन्दी दरभाउपत्रको प्रक्रिया अगाडि बढाउन सकिनेछ।

३. यस अघि विद्युतीय खरिद प्रणालीमा बोलपत्र, आशयपत्र र सिलबन्दी दरभाउपत्र खोलुवा भई सार्वजनिक निकायहरुले बोलपत्रदाता/आपूर्तिकर्ता/परामर्शदाताहरुको प्रस्ताव डाउनलोड गर्न बाँकी रहेका ठेक्काहरुको सम्बन्धमा सार्वजनिक निकायको अनुरोधमा यस कार्यालयबाट आवश्यक सहजीकरण गरिनेछ।

२०८३/०५/११

(ई. निर्मल लामा)
कम्प्युटर अधिकृत